संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-३९

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०१:०१ बजे*
*बैठक स्थगित : ०२:१० बजे*

२०८० भदौ १८ गते, सोमवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको उन्चालिसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०१:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई **"संविधान अनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८०" माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो। तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त विधेयकमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयो:

१. मा. सुरेश कुमार आलेमगर
२. मा. भैरव सुन्दर श्रेष्ठ
३. मा. अनिता देवकोटा
४. मा. मोहम्मद खालिद
५. मा. तुल प्रसाद विश्वकर्मा
६. मा. डा. विमला राई पौड्याल
७. मा. राजेन्द्र लक्ष्मी गैरे
८. मा. दिल कुमारी रावल थापा (पार्वती)
९. मा. गंगा कुमारी बेलबासे

तत्पश्चात् सम्माननीय अध्यक्षले "संविधान अनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"लाई** छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा सम्माननीय प्रधानमन्त्रीले सभा समक्ष जवाफ दिनुभयो।

तदुपरान्त सम्माननीय अध्यक्षले "संविधान अनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले देहायबमोजिमको रुलिङ जारी गर्नुभयो:

**"सुव्यवस्थित रुपमा राज्य सञ्चालन गरी सुशासन कायम गर्न संघीयताको कार्यान्वयन प्रभावकारी रुपमा गर्न, कानुनी रिक्तता पुरा गर्न साथै संविधानको कार्यान्वयनलाई समेत पूर्णता दिन "संविधान अनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८०" मा उल्लेखित बन्न बाँकी कानुनहरूको तर्जुमा गरी प्राथमिकताको आधारमा संसदमा पेस गर्न तथा उक्त प्रतिवेदनमा समावेश भएका अन्य सुझावहरू समेत कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन गर्दछु। सरकारले सभाको यस निर्देशनलाई गम्भिरतापूर्वक पालना गर्ने नै छ।"**

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० भदौ २४ गते आइतवार बिहान ११ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव